**Video script in Nepali:** There is no place for domestic and family violence in Australia.

| English | Nepali |
|---|---|
| There is no place for domestic and family violence in Australia. | अस्ट्रेलियामा घरेलु तथा पारिवारिक हिंसाका लागि कुनै स्थान छैन। |
| You and your family are protected by the law, | कानूनले नयाँ आप्रवासी र अस्थायी भिसा वाहक |
| including new migrants and temporary visa holders. | सहित तपाई तथा तपाईंका परिवारको सुरक्षा गर्छ। |
| In Australia, domestic and family violence is illegal. | अस्ट्रेलियामा घरेलु र पारिवारिक हिंसा गैरकानूनी हो। |
| Does your partner or a family member make you or your children feel afraid? | के तपाईंको पार्टनर वा परिवारका कुनै सदस्यले तपाई वा तपाईंका सन्तानलाई त्रसित बनाउँछन्? |
| Do they hit or hurt you or your children? | के उनीहरू तपाई वा तपाईंका सन्तानलाई कुट्ने पिट्ने वा चोट पुऱ्याउने काम गर्छन्? |
| Do they expect you to have sex even if you don't want to? | तपाईंलाई मन नभए पनि के उनीहरू तपाईंसँग यौन सम्पर्कको अपेक्षा गर्छन्? |
| Do they insult you? | के उनीहरू तपाईंको बेइज्जत गर्छन्? |
| Do they stop you from having your own money? | के उनीहरू तपाईंलाई आफ्नै पैसा राख्नबाट रोक्छन्? |
| Do they stop you from going places or seeing people? | के उनीहरू तपाईंलाई अरू ठाउँ जान वा मानिसहरू भेट्नबाट रोक्छन्? |
| If this is happening, | यदि यस्तो भइराखेको छ भने, |
| you could be experiencing domestic and family violence. | तपाईंले घरेलु वा पारिवारिक हिंसा भोगिरहनुभएको हुनसक्छ? |
| To seek help and support, | मद्दत तथा सहयोगका लागि |
| call the NSW Domestic Violence Helpline on 1800 65 64 63. | न्यु साउथ वेल्सको घरेलु हिंसा हेल्पलाइनलाई १८०० ६५ ६४ ६३ मा फोन गर्नुहोस्। |
| It's free and available 24 hours a day, 7 days a week. | यो निःशुल्क सेवा २४ घण्टा हप्ताको सातै दिन उपलब्ध छ। |
| To speak to someone in your language, | आफ्नो भाषामा कसैसँग बोल्न |
| call the Translating and Interpreting Service on 131 450. | अनुवादक तथा दोभासे सेवालाई १३१ ४५० मा फोन गर्नुहोस्। |
| Say your language. | आफ्नो भाषा भन्नुहोस्। |
| Ask them to connect you | फोन उठाउने व्यक्तिलाई |
| to the NSW Domestic Violence Helpline on 1800 65 64 63. | न्यु साउथ वेल्स डोमेस्टिक भाएलेन्स हेल्पलाईनलाई १८०० ६५ ६४ ६३ मा फोन गरेर तपाईंलाई उनीहरूसँग जोडिदिन भन्नुहोस् |

| | |
|---|---|
| If you or your children are in immediate danger, | यदि तपाईँ र तपाईँका सन्तानमाथि तत्काल खतरा छ भने |
| call Triple Zero (000) for emergency services. | आकस्मिक सेवालाई ट्रिपल जिरो (०००) मा फोन गर्नुहोस्। |